११६-६-६८८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. २५२/२०७०/०७१

निर्णय नं. ७८९

जिल्ला दैलेख, नारायण नगरपालिका-२ बस्ने दिपक सिजापती .......................................१ उजुरीकर्ता

विरूद्ध

प्रधानाध्यापक, श्री त्रिभूवन नमुना उच्च माध्यामिक विद्यालय, नयाँबजार, दैलेख ..................१ विपक्षी

विषय :- आवश्यक कागजात पेश नगरेकोले तामेलीमा राख्ने ।

जिल्ला दैलेख, नारायण नगरपालिका-२ बस्ने दिपक सिजापतीले श्री त्रिभूवन नमुना उच्च माध्यामिक विद्यालय, नयाँबजार, दैलेख समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।३० मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७१।०१।१७ को पत्रबाट पूनरावेदकलाई आवश्यक कागजात पेश नगरेकोले पुनरावेदन तामेलीमा राखिएको जानकारी गराएकोमा मिति २०७१।०२।०२ मा पुनरावेदकले पुनः उजुरी गरेको । तत् पश्चात आयोगको मिति २०७२।०६।१४ को पत्रद्वारा पुनरावेदकलाई आवश्यक कागजात उपलब्ध गराउन पत्राचार गरेकोमा हालसम्म पनि ती कागजात पेश हुन आएको देखिदैन । यसर्थ लामों अवधि सम्म पनि स्वंय पुनरावेदकले प्रक्रिया पुरा नगरको देखिदा निज पुनरावेदकले आवश्यक कागजपत्र पेश गरेको बखत कारवाही प्रक्रिया अगाडी बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नु । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल बैशाख ५ गतें रोज १ शुभम्